परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २८४ पृष्ठ ४ २०८३ साउन १८ गते सोमबार **3 August, 2026** मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# अव्यवस्थित बसोबासी र सुकुम्बासीलाई पूर्जा वितरणको तयारी




"बर्दिबास नगरपालिकाले अव्यवस्थित बसोबासी तथा भूमिहीन सुकुम्बासीको दीर्घकालीन समस्या समाधानका लागि पहिलोपटक सेतो पूर्जा र लालपूर्जा वितरणको प्रक्रिया समानान्तर रूपमा अघि बढाएको छ। पहिलो चरणमा वडा नं. ४ का लाभग्राहीलाई एकदेखि डेढ महिनाभित्र पूर्जा वितरण गर्ने लक्ष्य राखिएको छ भने नगरमा करिब १,५०० भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको विवरण दर्ता भएको छ।,,

● रवीन्द्र उप्रेती

बर्दिबास नगर क्षेत्रमा लामो समय देखि प्रमुख चुनौतीका रूपमा रहेको अव्यवस्थित बसोबास तथा सुकुम्बासी समस्या समाधानका लागि बर्दिबास नगरपालिकाले पहिलो पटक सेतो पूर्जा र लालपूर्जा वितरणको प्रक्रियालाई समानान्तर रूपमा अघि बढाउने प्रकृया सुरु गरेको छ।

नगरप्रमुख प्रहलाद क्षेत्रीले नगरभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या स्थायी रूपमा समाधान गर्ने उद्देश्यका साथ दुवै प्रक्रिया एकसाथ अगाडि बढाइएको जानकारी दिनुभयो।

उहाँका अनुसार विशेषगरी कालापानी, गौरीडाँडा, माईस्थान लगायत क्षेत्रमा वर्षौंदेखि बसोबास गर्दै आएका भूमिहीन तथा अव्यवस्थित बसोबासीहरूलाई तत्काल लालपूर्जा दिन सम्भव नभएकाले उहाँहरूको भोगाधिकार सुरक्षित गर्न 'सेतो पुर्जा' वितरण गर्ने अवधारणा अघि सारिएको बतायउनुभयो।

नगरप्रमुख क्षेत्रीले भन्नुभयो, 'वर्षौंदेखि बसोबास गर्दै आए पनि पूर्जा नहुँदा स्थानीयले असुरक्षा र अन्योलको अवस्था भोग्नुपरेको छ। सेतो पूर्जाले जनताको भोगाधिकारको आधार स्थापित गर्नुका साथै राज्यको उपस्थितिको अनुभूति गराउने भएकोले नगरपालिकाले यो समस्या समाधानका लागि युद्धस्तरमा काम अघि बढाएको छ।'

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणी अधिकारीका अनुसार सेतो पूर्जा वितरणका लागि स्थानीय तहले आवश्यक कानुन तथा कार्यविधि निर्माण गर्नुपर्नेछ। पूर्जा वितरणपछि कित्ताकाट, खरिद-बिक्री तथा अभिलेख व्यवस्थापन मालपोत कार्यालयको प्रणालीसँग जोडिने भएकाले कानुनी र प्राविधिक प्रक्रिया पूरा गर्न केही समय लाग्ने उहाँले बताउनुभयो।

अधिकारीले भन्नुभयो 'हतारमा काम गर्दा भविष्यमा कानुनी विवाद सिर्जना हुन सक्ने भएकाले आवश्यक प्रक्रिया पूरा गरी यथाशीघ्र सेतो पुर्जा वितरण गर्न प्रकृया अघि बढाइएको छ।'

यससँगै राष्ट्रिय भूमि आयोगको समन्वयमा भूमिहीन सुकुम्बासी र दलित सुकुम्बासीलाई लालपूर्जा वितरण गर्ने कार्यलाई पनि प्राथमिकताका साथ अघि बढाइएको उहाँले बताउनुभयो।

नगरपालिकाका अनुसार पहिलो चरणमा वडा नम्बर ४ का भूमिहीन सुकुम्बासी तथा दलित सुकुम्बासीलाई पूर्जा वितरण गरिनेछ। एकदेखि डेढ महिनाभित्र उक्त वडाका लाभग्राहीलाई पूर्जा उपलब्ध गराउने लक्ष्य राखिएको नगरप्रमुख प्रहलाद क्षेत्रीले बताउनुभयो।

त्यसपछि विवाद कम भएका वडा १, ३, ५, ६ र ७ लगायतका वडामा क्रमशः प्रक्रिया विस्तार गरिने उहाँको भनाइ छ।

बर्दीबास नगरपालिकामा करिब एक हजार ५०० जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको विवरण दर्ता भएको छ। सीमित जनशक्ति भएपनि सेतो पूर्जासम्बन्धी कानुनी प्रक्रिया र लालपूर्जा वितरणका लागि आवश्यक दर्ता तथा सत्यापनको कामलाई समानान्तर रूपमा सञ्चालन गरिने प्रमुख प्रशासकीय अधिकृत अधिकारीले जानकारी दिनुभयो।

संचारकर्मीहरुको जिज्ञासामा नगरप्रमुख क्षेत्रीले सेतो पुर्जा र लालपुर्जा वितरणको प्रक्रिया प्रभावकारी रूपमा कार्यान्वयन भएमा वर्षौंदेखि समाधानको प्रतीक्षामा रहेका सयौँ परिवारले कानुनी रूपमा आफ्नो बसोबासको सुनिश्चितता प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो।






पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### आशावादलाई अवसरमा रूपान्तरण गरौ

विश्वका सबैभन्दा आशावादी युवामध्ये नेपाली किशोरकिशोरी परेको तथ्य उत्साहजनक भए पनि यसले हाम्रो सामाजिक र आर्थिक यथार्थमाथि गम्भीर प्रश्न पनि उठाएको छ। व्यक्तिगत रूपमा भविष्यप्रति सकारात्मक सोच राख्ने युवा एकातिर छन् भने अर्कोतर्फ बेरोजगारी, वैदेशिक पलायन र सीमित अवसरको चुनौती पनि उत्तिकै गहिरो छ। त्यसैले यो आशावादलाई केवल भावनामा सीमित नराखी अवसरमा रूपान्तरण गर्नु आजको आवश्यकता हो।

नेपाली युवाको आशावादिताको आधार परिवारको साथ, सामाजिक सम्बन्ध, धार्मिक विश्वास र वैदेशिक रोजगारीप्रतिको अपेक्षा हो। तर दीर्घकालीन विकासका लागि केवल विदेशमुखी आकांक्षा पर्याप्त हुँदैन। स्वदेशमै रोजगारी, उद्यमशीलता र नवप्रवर्तनका अवसर सिर्जना गर्न नसके आशावाद निराशामा बदलिन सक्छ।

युवाको शिक्षा र श्रम बजारबीचको दूरी पनि अर्को चुनौती हो। उच्च शिक्षामा विद्यार्थीको सहभागिता बढे पनि बजारले खोज्ने प्राविधिक सीप, डिजिटल दक्षता र उद्यमशील सोचको अभाव देखिन्छ। शिक्षालाई रोजगारी र उत्पादनसँग जोड्ने नीति अब अपरिहार्य बनेको छ।

राजनीतिक र संस्थागत प्रणालीप्रति युवाको विश्वास अझै कमजोर देखिनु पनि चिन्ताको विषय हो। पारदर्शी शासन, सुशासन, भ्रष्टाचार नियन्त्रण र गुणस्तरीय सार्वजनिक सेवाले मात्र युवामा राज्यप्रतिको भरोसा बलियो बनाउन सक्छ। साथै, युवाको सिर्जनशीलता र ऊर्जा स्वदेशमै प्रयोग हुने वातावरण निर्माण गर्नु सरकार, निजी क्षेत्र र शैक्षिक संस्थाको साझा दायित्व हो।

नेपाली युवाको आशावाद राष्ट्रको अमूल्य पूँजी हो। त्यसलाई वैदेशिक पलायनको प्रेरणा होइन, स्वदेशमै अवसर सिर्जना गर्ने शक्ति बनाउनु आजको चुनौती हो। सही नीति, गुणस्तरीय शिक्षा, सीप विकास र रोजगारीको वातावरण निर्माण गर्न सके यही आशावादले समृद्ध नेपालको आधार तयार पार्न सक्छ। त्यसैले अब आशाको चर्चा मात्र होइन, आशालाई व्यवहारमा रूपान्तरण गर्ने समय आएको छ।

# गृहमन्त्रीको पहलपछि मधेशको अवस्था सामान्य, सीमाक्षेत्रको पनि निरीक्षण

● टक नेपाल

केही दिनदेखि आन्दोलन र साम्प्रदायिक तनावका कारण प्रभावित मधेश प्रदेशको जनजीवन सामान्य बन्दै गएको छ। गृहमन्त्री सुदन गुरुङ नेतृत्वको सरकारी टोली र संयुक्त हिन्दु मोर्चाअन्तर्गत हिन्दु सम्राट सेना नेपालबीच १९ बुँदे मागपत्रमा सहमति भएपछि आन्दोलनका सम्पूर्ण कार्यक्रम फिर्ता लिइएको हो।



गृहमन्त्री गुरुङले शुक्रबारदेखि जनकपुरधाममा आन्दोलनरत पक्षसँग निरन्तर संवाद गर्नुभएको थियो। शनिबार रातिसम्म भएको छलफलमा प्रस्तुत १३ बुँदे मागपत्रमा असहमति जनाइएपछि आइतबार पुनः छलफल गरी थप ६ बुँदा समावेश गर्दै १९ बुँदे मागपत्र तयार गरिएको थियो।

सरकारले माग कार्यान्वयनका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएपछि आन्दोलन स्थगित गरिएको हिन्दु सम्राट सेना नेपालका उपाध्यक्ष कृष्ण सनातनीले बताउनुभयो। उहाँका अनुसार माग कार्यान्वयनका लागि उपयुक्त समयमा समिति गठन गर्ने विषयमा मौखिक सहमति भएको छ।

मागपत्रमा नेपाललाई वैदिक सनातन हिन्दु राष्ट्रका रूपमा पुनःस्थापना गर्ने पहल, सीमा सुरक्षा कडा बनाउने, २०६२/६३ सालयता वितरण भएका नागरिकताको छानबिन, मदरसा, मस्जिद तथा अन्य धार्मिक संस्थाको फन्डिङ र गतिविधिको अनुसन्धान गर्नेलगायत विषय समावेश छन्।

यस्तै धार्मिक स्थलमा लाउडस्पिकरको प्रयोग नियमन, धार्मिक कार्यक्रममा हातहतियार प्रदर्शन रोक्ने, धार्मिक स्थलमा बसोबास गर्ने व्यक्तिको अभिलेखीकरण, सामाजिक सञ्जालमार्फत धार्मिक तथा साम्प्रदायिक द्वेष फैलाउनेमाथि कानुनी कारबाही, सुनसरीको देवानगञ्ज घटनापछि पक्राउ परेकाका मुद्दाको पुनरावलोकन, आन्दोलनका घाइतेको उपचार, धार्मिक आयोगको पुनरावलोकन, आन्दोलनमा सहभागीको सुरक्षा तथा १२ वर्षीय आनन्द दासको मृत्युका दोषीमाथि कारबाही र पीडित परिवारलाई क्षतिपूर्तिको मागसमेत समेटिएको छ।

सहमतिपछि गृहमन्त्री गुरुङले जनकपुरधामस्थित जानकी मन्दिर र राम मन्दिरमा पूजा-अर्चना गर्नुभएको थियो। साथै आन्दोलनका क्रममा क्षति पुगेको नेकपा (एमाले) नेता हकिम राइनको घरको पनि स्थलगत निरीक्षण गर्नुभयो।

### महोत्तरी सीमाक्षेत्रको निरीक्षण

आइतबार नै गृहमन्त्री गुरुङले महोत्तरीको मटिहानी-मधवापुर नेपाल-भारत सीमाक्षेत्रको स्थलगत निरीक्षण गर्नुभएको छ।

उहाँले सीमास्तम्भ, सीमा सुरक्षा, आवतजावतको अवस्था तथा व्यवस्थापनबारे जानकारी लिनुका साथै सीमा सुरक्षामा खटिएका सुरक्षा अधिकारीहरूसँग अवैध गतिविधि नियन्त्रण र सीमा व्यवस्थापनका विषयमा छलफल गर्नुभयो।

मटिहानीस्थित सशस्त्र प्रहरी बल (एपीएफ) को बोर्डर आउटपोस्ट (बीओपी) मा पुगेर सुरक्षा अवस्थाबारे ब्रिफिङ लिँदै उहाँले सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय र उच्च सतर्कता अपनाउन निर्देशन दिनुभयो।

सामुदायिक सद्भावको सन्देशस्वरूप गृहमन्त्री गुरुङले मटिहानीस्थित ऐतिहासिक लक्ष्मीनारायण मठमा पूजा-अर्चना गर्नुका साथै मुस्लिम समुदायको आस्थास्थल पिरबाबाको मजारमा चादर चढाउनुभयो।

उहाँलाई मटिहानीमा नगरप्रमुख हरिप्रसाद मण्डल, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलगायतका अधिकारीहरूले स्वागत गरेका थिए। त्यसपछि उहाँले जलेश्वरस्थित प्रसिद्ध जलेश्वरनाथ महादेव मन्दिरमा दर्शन तथा पूजा-अर्चना गर्नुभएको थियो।

सीमा निरीक्षण र धार्मिकस्थल भ्रमणका क्रममा गृहमन्त्री गुरुङले सञ्चारकर्मीसँग कुनै सार्वजनिक प्रतिक्रिया दिनुभएको छैन।

# व्यवस्थापन कमजोर हुँदा मल वितरणमा किसान सास्ती

● टक नेपाल

सरकारले ७० प्रतिशत अनुदानमा उपलब्ध गराउने रासायनिक मलको वितरण प्रभावकारी हुन नसक्दा धनुषा र महोत्तरीका किसानले सास्ती भोग्नुपरेको गुनासो गरेका छन्। स्थानीय तहमा मल वितरण व्यवस्थापन र अनुगमन कमजोर हुँदा पर्याप्त मल हुँदाहुँदै पनि किसानले आवश्यक परिमाणमा मल नपाउने अवस्था देखिएको हो।

संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कृषियोग्य जमिनका आधारमा पालिकागत मलको कोटा निर्धारण गरिन्छ। पालिकामा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा गठन हुने तीन सदस्यीय समितिले वडागत कोटा तोक्ने व्यवस्था भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको किसानहरूको भनाइ छ।

धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाका किसान चन्द्रदेव महराले डिलरमा मल मौज्दात भए पनि मागअनुसार उपलब्ध नगराइने गुनासो गर्नुभयो। "एक बोरा मल माग्दा १०-२० किलो मात्र दिन्छन्, पछि त्यही मल महँगोमा बेच्ने गरिन्छ," उहाँले भन्नुभयो।

अर्का किसान रामपुकार राउतले समयमा मल नआउने र आए पनि आवश्यक परिमाणमा नपाइने समस्या दोहोरिएको बताउनुभयो। "ढिलो आए पनि आवश्यकताअनुसार दिनुपर्छ, अहिले पनि किसान नै मारमा परेका छन्," उहाँले भन्नुभयो।

स्थानीय किसान वंशविराम महराले सिँचाइ खर्च बढ्नुका साथै मल वितरणमा पहुँचवालाको प्रभाव बढेको गुनासो गर्नुभयो। "पहिले मल सहज पाइन्थ्यो, अहिले सिँचाइ महँगो छ, मल पनि सबैले पाउँदैनन्। खेती गरेर परिवार पाल्नै कठिन भएको छ," उहाँले भन्नुभयो।

किसानहरूले मल वितरणमा राजनीतिक प्रभावसमेत देखिएको आरोप लगाएका छन्।

कृषि सामग्री कम्पनी लिमिटेडका अनुसार गत आर्थिक वर्षमा धनुषा र महोत्तरीका लागि ११ हजार २४१ मेट्रिक टन युरिया, ६ हजार ९६३ मेट्रिक टन डीएपी र ३७९ मेट्रिक टन पोटास वितरण गरिएको थियो। चालु आर्थिक वर्षको पहिलो सातासम्म ८०८ मेट्रिक टन युरिया, २०७ मेट्रिक टन डीएपी र ४० मेट्रिक टन पोटास किसानसम्म पुगेको छ।

कृषि सामग्री कम्पनीका सूचना अधिकारी बेचन साहले यस वर्ष गत वर्षभन्दा केही अघि नै मल आपूर्ति गरिएको भए पनि मागअनुसार पर्याप्त नभएको बताउनुभयो। स्थानीय तहका मल वितरण व्यवस्थापन समितिले प्रभावकारी अनुगमन गर्न नसक्दा किसानबाट गुनासो आउने गरेको उहाँको भनाइ छ।

कृषि ज्ञान केन्द्र धनुषाका कृषि अर्थविज्ञ गणेश अधिकारी खत्रीले यस वर्ष समयमै वर्षा र मल आपूर्ति भएकाले उत्पादन बढ्ने अपेक्षा गरिएको बताउनुभयो।

विदेशबाट आयात हुने रासायनिक मल समयमै उपलब्ध गराउने विषयमा सरकार विगतदेखि आलोचित रहँदै आएको छ। त्यसमा स्थानीय तहमा वितरण व्यवस्थापन कमजोर हुँदा किसान थप समस्यामा परेका छन्।






टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक



# प्रेस काउन्सिलको स्वायत्तता




**मर्यादित, जिम्मेवार र स्वतन्त्र पत्रकारिताको पहिलो सर्त प्रेस काउन्सिलको स्वायत्तता हो । राजनीतिक प्रभावमुक्त काउन्सिलले मात्र आचारसंहिताको अनुगमन र प्रेस स्वतन्त्रताको रक्षा गर्न सक्छ ।**


रामजी दाहाल

● टक नेपाल

१९ जेठ २०८२ मा तत्कालीन सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले छ जना पत्रकारलाई प्रेस काउन्सिलको सदस्यमा नियुक्त गर्नुभयो । एमाले, कांग्रेस गठबन्धन सरकारका सञ्चारमन्त्री गुरुङले काउन्सिलको रिक्त सदस्यमा एमालेनिकट प्रेस चौतारी र कांग्रेसनिकट प्रेस युनियनका तर्फबाट सदस्य नियुक्त गर्नुभएको थियो । प्रेस काउन्सिल ऐन, २०४८ को काउन्सिल गठनसम्बन्धी व्यवस्थामा सबै पक्षको सहभागिता सुनिश्चित गर्न पत्रकार, सम्पादक, प्रकाशक, साहित्यिक पत्रकारितालगायतका क्षेत्रबाट सदस्य नियुक्त गर्ने स्पष्ट उल्लेख छ । १९ जेठमा भागबन्डाबाट आएकालाई सो व्यवस्था अनुसार नियुक्त गर्न कानुनी अप्ठेरो भएपछि सञ्चार मन्त्रालयको कर्मचारीतन्त्रले घुमाउरो बाटोबाट केही सदस्यलाई फरक विधाबाट नियुक्तिपत्र थमाएको थियो । खास गरी पछिल्लो समय दलनिकटका पत्रकार सङ्गठनबाट आएका नाममा राजनीतिक नेतृत्वले आँखा चिम्लिँदा काउन्सिलको महत्व घटेको छ, गरिमा खस्केको छ । २० जेठ २०८२ मा आफ्नो कार्यकाल पूरा भएपछि अध्यक्ष बालकृष्ण बस्नेत बाहिरिएपछि नयाँ अध्यक्ष नियुक्त नहुँदासम्मको छ महिना काउन्सिल दलीय भागबन्डाको थप दलदलमा फसेको थियो । एकले अकोलाई स्विकार्न नसक्दा सदस्यले महिनामा आलोपालो बैठकको अध्यक्षता गरेका थिए । त्यसो हुँदा यसबिचमा कुनै महत्वपूर्ण निर्णय हुन सकेन ।

यो त्यही प्रेस काउन्सिल हो, जहाँ पञ्चायतकालमा सर्वोच्च अदालतका बहालवाला न्यायाधीश (२०४८ पनि अवकाशप्राप्त न्यायाधीश) अध्यक्षको कुर्सीमा बस्दा मात्रै पनि काउन्सिलको कद धेरै उँचो थियो । अध्यक्ष मात्र होइन, काउन्सिलका सदस्य नियुक्ति गर्दा पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका अनुहार त छँदै छ, प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट एक/एक जना सांसद सदस्य रहने व्यवस्था थियो । मिडियासँग आममानिसको प्रत्यक्ष सरोकार हुने भएकाले काउन्सिलमा उनीहरूको प्रतिनिधित्व संसद्मार्फत गराउने व्यवस्था मिलाइएको हो । अध्यक्षदेखि सदस्यसम्मको नियुक्तिसम्बन्धी यस्तो व्यवस्थाका कारण काउन्सिलप्रति सञ्चार मन्त्रालयको राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रले कुनै दिन कर्के नजरले हेर्न सकेको थिएन तर २०६६ मा ऐन संशोधन गरी प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट प्रतिनिधित्व हुने प्रावधान हटाइयो । प्रेस काउन्सिल भनेको स्वायत्त अर्धन्यायिक निकाय हो । कतिपय सन्दर्भमा यसले न्यायिक भूमिकासमेत निर्वाह गरेको हुन्छ । हिजोका दिनमा मन्त्रीको हकमा यो संस्था जति कमजोर हुन्छ त्यति नै काउन्सिलमा आफूखुसी नियुक्त गर्न पाइन्छ भन्ने बुझाइले काम गरेको थियो । अर्थात् मन्त्रीले हिजोदेखि नै काउन्सिललाई कार्यकर्ता भर्ती केन्द्र बनाउँदै आएका छन् । अनि मन्त्रालयका अधिकारीमा काउन्सिल स्वतन्त्र, स्वायत्त र सक्षम होस् भन्ने सकारात्मक सोचाइ पाइएको छैन किनकि काउन्सिल जति कमजोर हुन्छ, त्यति नै मन्त्रालयमातहतको कार्यालयका रूपमा राखेर त्यसै अनुसार व्यवहार गर्न सजिलो हुन्छ भन्नेमा कर्मचारीतन्त्र प्रस्ट छ । उसलाई के थाहा छ भने विभागीय मन्त्रीको चाहना अनुसार काम गर्दा आफ्ना ससाना स्वार्थ घुसाउन सकिन्छ ।

मर्यादित प्रेसको महत्व बुझेको व्यक्ति काउन्सिलको नेतृत्वमा जबसम्म पुऱ्याउन सकिँदैन तबसम्म काउन्सिल स्वतन्त्र, स्वायत्त र सक्षम हुनै सक्दैन । नेतृत्वमा सक्षम व्यक्ति पुग्न सक्दा काउन्सिलले कतिसम्म काम गर्न सक्दो रहेछ भन्ने २०६२/६३ को परिवर्तनपछि अध्यक्ष नियुक्त भएका वरिष्ठ पत्रकार राजेन्द्र दाहालको दुईबर्से कार्यकाललाई फर्केर हेर्दा प्रस्ट हुन्छ । आचारसंहिता जारी गर्ने र पत्रपत्रिका वर्गीकरण गर्ने मात्र संस्थाका रूपमा चिनिएको काउन्सिलले छापा र विद्युतीय सञ्चार माध्यममा प्रकाशित प्रसारित निर्वाचनसम्बन्धी सामग्रीको पहिलो पटक काउन्सिलबाट अनुगमन गर्ने व्यवस्था मिलाइएको दाहालकै कार्यकालमा हो । प्रेस काउन्सिल ऐन, २०४८ ले छापा माध्यमलाई मात्र सम्बोधन गरेको भए पनि सञ्चार मन्त्रालयले २०६४ को पहिलो संविधान सभा निर्वाचनमा विद्युतीय माध्यमको अनुगमन गर्नका लागि गरेको पत्राचारका आधारमा काउन्सिलले त्यस्तो काम गरेको हो ।

यसै गरी २०७४ को स्थानीय तह निर्वाचनमा मिडियासँग जोडिएका विषयमा प्रकाशित प्रसारित सामाजिक सञ्जालको अनुगमन गर्नका लागि मन्त्रालयको पत्रका आधारमा काउन्सिलले सामाजिक सञ्जाल अनुगमन गर्दै आएको छ । पछिल्लो समय सामाजिक सञ्जालका कारण मूलधारका मिडिया छायामा पर्ने खतरा बढिरहेका बेला काउन्सिलमा सामाजिक सञ्जाल अनुगमनका लागि एउटा छुट्टै संयन्त्र आवश्यक देखिन्छ । त्यसका लागि सञ्चार मन्त्रालयको पत्रभन्दा पनि कानुनी व्यवस्था गर्नु पर्छ । अर्थात् प्रेस काउन्सिल ऐनले सामाजिक सञ्जाललाई सम्बोधन गर्नु पर्छ ।

प्रेस काउन्सिलको मुख्य जिम्मेवारी पत्रकार आचारसंहिताको कडाइका साथ पालना गराउने, असत्य समाचारविरुद्ध कारबाही गर्ने, सञ्चार माध्यमलाई जिम्मेवार बनाउने र नागरिक अधिकारसँग मेल खाने पत्रकारिताको वातावरण सिर्जना गर्ने हो । प्रेस काउन्सिल ऐन, २०४८ अनुसार यो संस्थाको दायित्व पत्रकारितामा पेसागत उच्चतम आचरणलाई कायम राख्दै स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा संवर्धनका लागि अवच्छिन्न उत्तराधिकारवाला, स्वशासित र सङ्गठित संस्थाका रूपमा स्थापित गर्नु हो । यसका लागि पहिलो महत्वपूर्ण काम भनेको आचारसंहिता पालना गराउने र प्रेस स्वतन्त्रताको संरक्षणका लागि पहल गर्नु हो । पत्रपत्रिका वर्गीकरणको समेत जिम्मेवारीका कारण यो नै काउन्सिलको सबैभन्दा महत्वपूर्ण काम जस्तो भएको छ किनकि वर्गीकरणसँग आर्थिक पाटो जोडिनासाथ देशभरका पत्रकारको चासो हुन्छ । अर्कातिर दलीय भागबन्डामा आएका सदस्यले आफूनिकटका पत्रिकालाई वर्गीकरणमा समावेश गराउन अनावश्यक चलखेल गर्ने गर्छन् । एकातिर वर्गीकरणमा निष्पक्ष गर्नुपर्ने, अर्कातिर सदस्यको अनावश्यक चलखेलका कारण काउन्सिल शिथिल बन्दै गएको छ । पत्रपत्रिका वर्गीकरणको बोझबाट काउन्सिललाई जतिसक्दो छिटो छुटकारा दिलाउनु पर्छ । त्यसो हुँदा काउन्सिलको सम्पूर्ण ध्यान आचारसंहिता पालना गराउने र सञ्चार माध्यमलाई जिम्मेवार बनाउनेतर्फ केन्द्रित गराउन सकिन्छ ।

संस्थाको कार्यशैली चुस्त र दक्ष बनाउनका लागि काउन्सिलको सङ्गठनात्मक संरचना बलियो हुनु पर्छ । त्यसका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण जरुरी देखिन्छ । सवेक्षण किन आवश्यक छ भने उदाहरणका लागि काउन्सिलको प्रमुख काममध्ये एउटा काम अनुगमन हो । प्रेस स्वतन्त्रता र आचारसंहिता अनुगमनका लागि सम्बन्धित क्षेत्रको अनुभवी जनशक्ति आवश्यक हुन्छ । काउन्सिलमा त्यस्ता जनशक्ति अभाव छ । अनुगमनमा अनुभवीलाई जिम्मेवारी दिन सके मात्र काउन्सिल गतिशील बन्न सक्छ । पत्रकारको व्यावसायिक आचरणमा सुधार ल्याउन र पत्रकार आचारसंहितामा कडाइ गर्न नियमनकारी निकाय काउन्सिलको भूमिका प्रभावकारी हुनै पर्छ ।

प्रेस स्वतन्त्रताको संरक्षण र समाचारपत्रको स्तरवृद्धि गर्ने उद्देश्यले विश्वमा प्रेस काउन्सिलको अवधारणा सुरु भएको हो । जसले पत्रपत्रिकाको विकासका लागि आवश्यक पूर्वाधार तयार गर्ने, सरकार र प्रेसबिचको सम्बन्धमा समन्वयकर्ताका रूपमा काम गर्ने र स्वस्थ पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने काम गर्छ । बेलायतलगायत युरोपेली मुलुकमा प्रेस काउन्सिलको स्थापना, काउन्सिलमार्फत आचारसंहिता निर्माण र नियमन लामो समयदेखि अभ्यास हुँदै आएको छ । विश्वमा सर्वप्रथम सन् १९१६ मा स्विडेनमा समाचारपत्रको स्तरवृद्धि गर्ने, स्वच्छ पत्रकारिताको विकास गर्ने तथा प्रेस स्वतन्त्रताको जगेर्ना गर्ने उद्देश्यले प्रेस काउन्सिलको स्थापना भएको थियो । बेलायतमा शाही प्रेस आयोगको प्रतिवेदन, १९४९ ले प्रेस काउन्सिल स्थापना गर्नुपर्ने आवश्यकता महसुस गरी १ जुलाई १९५३ मा जनरल काउन्सिल अफ प्रेसको नामबाट स्थापना भएको संस्था एक दशकपछि १ जुलाई १९६३ मा प्रेस काउन्सिलमा परिणत भएर काम गर्न थालेको थियो । दक्षिण एसियाली मुलुकमा पनि स्वतन्त्रताको क्रमसँगै काउन्सिलको अभ्यास अघि बढेको पाइन्छ । छिमेकी भारतमा सन् १९५४ मा प्रेस आयोगले प्रेस काउन्सिलको स्थापनार्थ सुझाव दिएको लामो समयपछि मात्र प्रेस काउन्सिल स्थापना गरिएको थियो । नेपालमा २०१४ सालमा गठन भएको प्रेस कमिसनको सुझावको जगमा २०२४ सालमा प्रेस सल्लाहकार समिति गठन भयो । त्यसैको निरन्तरतास्वरूप २०२७ सालमा प्रेस सल्लाहकार परिषद् हुँदै प्रेस काउन्सिल गठन भएको हो ।

करिब छ दशक लामो यात्राका क्रममा बहुदलीय व्यवस्था पुनर्स्थापनापछिको समयलाई हेर्ने हो भने यो संस्था पेसागत नैतिकताको संरक्षण गर्नेभन्दा राजनीतिक उद्देश्य पूरा गर्ने उपकरणका रूपमा प्रयोग हुँदै आएको पाइन्छ । प्रभावकारी मिडिया उत्तरदायित्व स्थापित गर्न प्रेस काउन्सिललाई राजनीतिक प्रभावबाट मुक्त गर्दै स्वायत्तता प्रदान गर्नु पर्छ । हालै काउन्सिलको अध्यक्षमा नियुक्त भएका उमेश श्रेष्ठले पत्रकार नारायण श्रेष्ठसँगको एउटा अन्तर्वार्तामा प्रेस काउन्सिल पशुपतिनाथकै कृपाले चलिरहेको जस्तो लाग्यो भनेर प्रतिक्रिया दिएका छन् । सञ्चार माध्यम भनेका विचार र अभिव्यक्तिको माध्यम मात्र नभएर लोकतन्त्र, सामाजिक उत्तरदायित्व र ज्ञान विस्तार गर्ने संस्था भएकाले तिनको प्रवर्धन गर्ने निकाय काउन्सिललाई पशुपतिनाथको मात्र जिम्मा लगाएर हुँदैन । मर्यादित, जिम्मेवार र स्वतन्त्र पत्रकारिताको पहिलो सर्त प्रेस काउन्सिलको स्वायत्तता हो ।


## जनहितमा जारी

- बिना अनुमति बोडिङ नगनुहोस् ।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाऔं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिरो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गरौं।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गरौं ।
- पानीको सिइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याऔं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सह भागी गाऔं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गरौं।



एकडारा गाउँपालिका, महोत्तरी



## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# महागङ्गा आरती आध्यात्मिक उत्सव



• टक नेपाल

साँझको ७:३० बजे। जनकपुरधामस्थित गङ्गासागर पोखरीको किनारमा घाम अस्ताउन लागेपछि वातावरण बिस्तारै भक्तिमय बन्दै जान्छ। शङ्ख ध्वनि गुन्जिन थाल्छ, घन्टनादले परिसर गुञ्जायमान हुन्छ र वैदिक मन्त्रको उच्चारणसँगै दीपको उज्यालो पानीको सतहमा छचल्किन थाल्छ।

आरती हेर्न गङ्गासागर पुगेका सयौँ श्रद्धालु हात जोडेर भक्तिभावमा मग्न हुन्छन्। कतिपय दीप प्रज्वलन गरी आरतीमा सहभागी हुन्छन् भने कतिपयले शान्तभावले सम्पूर्ण दृश्यावलोकन गर्दै आध्यात्मिक आनन्द लिन्छन्।

पछिल्लो समय जनकपुरधामस्थित ऐतिहासिक तथा धार्मिक गङ्गासागर पोखरीको सन्ध्याकालीन महागङ्गा आरती आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र बन्दै गएको छ। प्रत्येक दिन साँझको समयमा हुँदै आएको महागङ्गा आरती हेर्न आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने गरेको छ। विगत १२ वर्षदेखि सञ्चालित महागङ्गा आरतीमा आन्तरिकसँगै छिमेकी मुलुक भारत तथा अन्य मुलुकबाट समेत पर्यटक आउने गरेको 'सेभ हिस्टोरिकल जनकपुरधाम' का संस्थापक संयोजक तथा मधेश प्रदेश सभाका सभामुख रामाशिष यादवले जानकारी दिनुभयो।

महागङ्गा आरती समितिका अध्यक्ष राजकुमार महासेठले अहिले महागङ्गा आरती दर्शनका लागि दैनिक चार सयदेखि पाँच सयको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको बताउनुभयो। जानकी मन्दिरको दर्शनपछि गङ्गासागरमा पुगेर आरतीमा सहभागी हुने वा त्यसको अवलोकन गर्ने क्रम बढ्दै जाँदा जनकपुरधामको धार्मिक पर्यटनले पनि नयाँ गति पाएको देखिन्छ।

गङ्गासागर जनकपुरधामका ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेका पोखरीमध्ये एक हो। जनविश्वास अनुसार यसको धार्मिक महत्त्व प्राचीनकालदेखि रहिआएको छ। यही ऐतिहासिक महत्त्वलाई थप जीवन्त बनाउने उद्देश्यले नियमित गङ्गा आरती सञ्चालन हुन थालेपछि गङ्गासागर साँझको समयमा श्रद्धा, संस्कृति र पर्यटनको केन्द्रका रूपमा विकसित भएको जनकपुरधाम उपमहानगरपालिकाका पूर्वउपाध्यक्ष अम्बोकुमार साह बताउनुहुन्छ।

आरतीका क्रममा शङ्ख, घन्टी, डमरु र वैदिक मन्त्रको सम्मिश्रणले सम्पूर्ण वातावरण आध्यात्मिक बनाउने गर्छ। दीपको उज्यालोले पोखरीको पानीमा देखिने प्रतिविम्बले उपस्थित सबैलाई आकर्षित गर्छ। यही दृश्य कैद गर्न धेरै श्रद्धालु मोबाइल र क्यामरा बोकेर पुग्ने गरेका छन्। धार्मिक अभियान्ता जङ्गबहादुर सिंहका अनुसार गङ्गा आरती कुनै धार्मिक अनुष्ठान मात्र नभई सनातन संस्कृति, सामाजिक सद्भाव र प्रकृतिप्रतिको उत्सव पनि हो।

पछिल्लो समय युवापुस्ताको सहभागिता पनि उल्लेखनीय रूपमा बढेको देखिन्छ। आधुनिक जीवनशैली र डिजिटल प्रविधिको प्रभावबिच धार्मिक तथा सांस्कृतिक गतिविधिमा युवाको आकर्षण घट्दै गएको चर्चा भइरहेका बेला गङ्गा आरतीले उहाँहरूलाई आफ्नो संस्कृति र परम्परासँग जोड्न सफल भएको स्थानीयको अनुभव छ।

बनारसको पुजारीबाट प्रशिक्षित

पहिलो आरती नेपालका लागि तत्कालीन भारतीय राजदूत रञ्जित रे तथा ब्रह्माकुमारी राजयोग केन्द्रका सञ्चालिका गङ्गा माताले गर्नुभएको थियो। त्यसयता पूर्वराष्ट्रपति डा. रामवरण यादव, भारत विहारका उपमुख्यमन्त्री सुशील मोदी, भारत, अमेरिका, श्रीलङ्का, थाइल्यान्डलगायत देशका राजदूत, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, न्यायाधीश, प्रहरी र सेनाका उच्च पदाधिकारी पनि गङ्गा आरतीमा सहभागी भइसक्नुभएको छ।

धार्मिक र सांस्कृतिक इतिहास बोकेको जनकपुरधाममा 'ग्रिन जनकपुर क्लिन जनकपुर' अभियान अन्तर्गत गङ्गासागर पोखरीको सरसफाइसँगै महागङ्गा आरती सुरु गरिएको 'सेभ हिस्टोरिकल जनकपुरधाम' का संस्थापक संयोजक तथा प्रदेश सभाका सभामुख यादव बताउनुहुन्छ।

सुरुमा बनारसको पुजारीबाट मिथिलाका पुजारीलाई आरतीसम्बन्धी प्रशिक्षण दिई गङ्गासागर पोखरीमा महागङ्गा आरती सुरु गरिएको थियो। सुरुमा एक जना पुजारीबाट मात्र भएकाने महागङ्गा आरती अहिले तीन जना पुजारीबाट हुँदै आएको छ। आरतीका क्रममा हुने मन्त्रजपले श्रद्धालुलाई थप आकर्षित बनाउने गरेको छ। साहित्यकार डा. राजेन्द्र विमलद्वारा लिखित तथा सुनिल मल्लिकद्वारा गायन गरिएको महागङ्गा आरती भजन सुनेर श्रद्धालु थप उत्साहित हुने गरेका छन्।

धार्मिक पर्यटनका जानकार सरोज कर्णका अनुसार गङ्गा आरतीलाई जनकपुरधामको 'साँझको सांस्कृतिक पहिचान' का रूपमा विकास गर्न सकिने सम्भावना छ। भारतका वाराणसी, हरिद्वार र उज्जैन जस्ता धार्मिक सहरमा नियमित आरतीले अन्तर्राष्ट्रियस्तरको पर्यटन आकर्षित गरे झैँ जनकपुरधाममा पनि योजनाबद्ध प्रवर्धन गर्न सके धार्मिक पर्यटनले थप उचाइ लिन सक्ने उहाँहरूको धारणा छ। जनकपुरधाम वर्षभरि विभिन्न धार्मिक तथा सांस्कृतिक पर्वले जीवन्त रहने सहर हो। रामनवमी, विवाहपञ्चमी, छठ, होली, झिझिया, सामाचकेवालगायतका पर्वले यहाँको सांस्कृतिक विविधतालाई झल्काउँछ।

# मधेश केन्द्रित सीमा सुरक्षामा थप कडाई



• टक नेपाल

नेपाल-भारत खुला सीमासँग जोडिएको मधेश प्रदेश पछिल्लो समय सुरक्षा संवेदनशीलताका दृष्टिले थप प्राथमिकतामा परेको छ। सीमा क्षेत्रबाट हुनसक्ने अवैध आवतजावत, तेस्रो देशका नागरिकको अनधिकृत प्रवेश तथा सीमा अपराध नियन्त्रण गने उद्देश्यले करिब एक सातादेखि सशस्त्र प्रहरी बल (एपीएफ) ले 'बोर्डर इन्टरयाक्शन टीम (बीआईटी)' सञ्चालनमा ल्याएको छ।

पाइलट परियोजनाका रूपमा शुरु गरिएको यो संयन्त्र विशेषगरी मधेशका प्रमुख सीमा नाकालाई केन्द्रमा राखेर कार्यान्वयन गरिएको छ। सशस्त्र प्रहरी बलले जनाए अनुसार साउन १० गतेदेखि बीआईटी सञ्चालनमा आएको हो। यस अन्तर्गत सीमा नाकामा सादा पोशाकमा महिला तथा पुरुष सुरक्षाकर्मी बिहानदेखि साँझसम्म परिचालित हुनेछन्। उनीहरूले सीमा पार गर्ने यात्रुलाई आवश्यक सूचना, सहजीकरण तथा शंकास्पद गतिविधिको निगरानी गर्ने जिम्मेवारी पाएका छन्।

बीआईटी हाल झापाको काँकडभिट्टा, मोरङको रानी, पर्साको वीरगञ्ज, रुपन्देहीको डन्डा, बाँकेको जमुनाहा र कैलालीको त्रिनगर गरी ६ स्थानमा सञ्चालन गरिएको छ। यीमध्ये पर्साको वीरगञ्ज मधेश प्रदेशको सबैभन्दा व्यस्त अन्तर्राष्ट्रिय व्यापारिक तथा आवागमन नाका भएकाले यहाँ विशेष निगरानी बढाइएको छ।

वीरगञ्ज नाकाबाट दैनिक हजारौँ नेपाली र भारतीय नागरिकको आवतजावत हुने भएकाले सुरक्षा निकायले तेस्रो देशका नागरिक अवैध रूपमा प्रवेश गर्ने सम्भावनालाई ध्यानमा राख्दै निगरानी प्रणालीलाई थप प्रभावकारी बनाएको जनाएको छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अध्यागमन विभाग तथा भारतीय सुरक्षा निकायसंग नियमित समन्वय गरी सीमा सुरक्षा मजबुत बनाइएको छ।

सुरक्षा अधिकारीहरूका अनुसार सीमा क्षेत्रमा सुराकी परिचालन, गस्ती, चेकपोइन्ट तथा प्रविधिमा आधारित निगरानीलाई थप प्रभावकारी बनाइएको छ। नेपाल प्रहरीले दिएको जानकारी अनुसार सीमावर्ती जिल्ला विशेषगरी मधेश प्रदेशका प्रहरी प्रमुखहरूलाई कुनै पनि शंकास्पद गतिविधिमाथि विशेष निगरानी राख्न निर्देशन दिइएको छ।

स्थानीय तह, प्रशासन र अन्य सुरक्षा निकायसंग समेत निरन्तर समन्वय भइरहेको जनाइएको छ। राष्ट्रियसभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा नेपाल प्रहरीका प्रवक्ता तथा महानिरीक्षक अबि नारायण काफ्लेले रोहिंग्या, पाकिस्तानी तथा सोमालियाली शरणार्थीसंग सम्बन्धित केही गतिविधिले सुरक्षा संवेदनशीलता बढाउन सक्ने बताएका थिए। त्यसपछि सुरक्षा निकायले सीमानाका निगरानी थप कडा बनाएको छ। उनले अवैध रूपमा नेपाल प्रवेश गर्न सक्ने व्यक्तिका गतिविधिले सुरक्षा चुनौती निम्त्याउन सक्ने आकलन गरेर आफूहरूले अन्तर निकाय समन्वय र सुराकीमा आधारित निगरानीलाई बढाएको बताए।

उनले भने, ' हामीले सुराकीमा आधारित प्रहरीलाई सुदृढ बनाएका छौँ। खास गरी सीमावर्ती क्षेत्रहरूमा कुनै त्यस्ता व्यक्तिहरूको घुसपैठ हुन नदिनका लागि त्यहाँका प्रहरी कर्मचारी र कमान्डरहरूलाई प्रहरी महानिरीक्षकबाट विशेष निगरानी गर्न निर्देशन दिइएको छ।' उनले अघि थप्दैं भने, 'सीमा निगरानीलाई बलियो बनाउने कुरा छ जसमा कागजपत्र देखाएर मात्र प्रवेश हुने अवस्थाहरू छ। अन्य सुरक्षा निकायका साथ साथै अध्यागमन विभाग सहितसँग समन्वयात्मक ढङ्गले अघि बढिरहेका छौँ।' सशस्त्र प्रहरी बलले दिएको जानकारी अनुसार गत आर्थिक वर्षमा सीमा क्षेत्रबाट अवैध रूपमा नेपाल प्रवेश गर्न खोजेका २० जना तेस्रो देशका नागरिकलाई नियन्त्रणमा लिएर अध्यागमन विभागलाई बुझाइएको थियो।

अध्यागमन ऐनअनुसार यस्ता व्यक्तिलाई जरिवाना, कैद वा देश निकाला गर्न सकिने व्यवस्था छ। नेपाल-भारतबीच खुला सीमा रहेकाले सीमाको सम्पूर्ण क्षेत्रमा एकैपटक निगरानी गर्न चुनौतीपूर्ण रहेको सुरक्षा अधिकारीहरू बताउँछन्। नियमित गस्ती, चेकपोइन्ट तथा भारतीय सशस्त्र सीमा बल -एसएसबी) सँगको औपचारिक तथा अनौपचारिक समन्वयमार्फत सीमा सुरक्षा सुदृढ पार्ने प्रयास भइरहेको जनाइएको छ।

सशस्त्र प्रहरी बलका प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक नेत्रबहादुर कार्कीले खुला सीमानाकाको फाइदासंगै त्यसको दुरुपयोग हुन सक्ने सम्भावना पनि रहने भएकाले सादा पोशाकमा खटिने बीआईटीले शंकास्पद गतिविधि पहिचान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्। पूर्वगृह प्रशासनका अधिकारीहरूले मधेश प्रदेशजस्तो खुला सीमा नाका भएका क्षेत्रमा स्थानीय समुदायको भूमिका अत्यन्त महत्वपूर्ण हुने बताएका छन्।

उनीहरूको अनुसार सीमा क्षेत्रमा अपरिचित व्यक्तिको गतिविधिबारे समयमै सुरक्षा निकायलाई जानकारी गराउने संस्कृतिको विकास गर्न आवश्यक छ। दीर्घकालीन रूपमा नेपाल-भारतबीच सीमा नाकामा परिचयपत्र प्रणाली लागू गर्न सके अवैध आवतजावत नियन्त्रणमा थप प्रभावकारी हुने सुझाव पनि विज्ञहरूले दिएका छन्। यद्यपि त्यसका लागि दुई देशबीच राजनीतिक तथा कूटनीतिक सहमति आवश्यक पर्ने उनीहरूको भनाइ छ। नेपाल-भारत सीमानाकाको सबैभन्दा संवेदनशील क्षेत्रमध्ये पर्ने मधेश प्रदेशमा सीमा सुरक्षालाई केन्द्रमा राख्दै बीआईटी सञ्चालन शुरु गरिएको छ।

विशेषगरी पर्साको वीरगञ्ज नाकासहितका मुख्य सीमा बिन्दुमा सादा पोशाकका सुरक्षाकर्मी परिचालन, सुराकी प्रणाली सुदृढीकरण, भारतीय सुरक्षा निकायसंगको समन्वय तथा तेस्रो देशका नागरिकको अवैध प्रवेश नियन्त्रणमा जोड दिइएको छ। सुरक्षा निकायका अनुसार सीमा क्षेत्रको सहज आवतजावतलाई कायम राख्दै राष्ट्रिय सुरक्षालाई थप प्रभावकारी बनाउने उद्देश्यले यो अभियान अघि बढाइएको छ।

# निलगाईलाई ठक्कर दिंदा मोटरसाइकल चालकको मृत्यु

महोत्तरीको बर्दिबास नगरपालिका-३ काँरैभोगटेस्थित बि.पी. राजमार्गमा आइतबार निलगाईलाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार बर्दिबासबाट भिमानतर्फ जाँदै गरेको मधेश प्रदेश ०२-००७ प १९०९ नम्बरको मोटरसाइकलले सडक काट्दै गरेको निलगाईलाई ठक्कर दिँदा दुर्घटना भएको हो।

दुर्घटनामा धनुषाको जनकपुर उपमहानगरपालिका-१ निवासी करिब ३२ वर्षीय चालक विनयकुमार साह गम्भीर घाइते भएका थिए। उनलाई उपचारका लागि बर्दिबासस्थित जनसेवा अस्पताल लगिए पनि उपचारकै क्रममा चिकित्सकले मृत घोषणा गरेका प्रहरीले जनाएको छ।

मोटरसाइकलमा पछाडि सवार धनुषाको हंसपुर नगरपालिका-३ निवासी करिब ४० वर्षीय रबिन्द्र साह घाइते भएका छन्। उनको दाहिने खुट्टा भाँचिएको छ भने स्वास्थ्य अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ।

दुर्घटनामा ठक्कर लागेको निलगाई घटनास्थलमै मरेको प्रहरीले जनाएको छ। दुर्घटनामा संलग्न मोटरसाइकल इलाका प्रहरी कार्यालय बर्दिबासको नियन्त्रणमा रहेको छ।

## सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।

बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी

## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो।
- ❖ आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौँ।
- ❖ विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस्।
- ❖ अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस्।
- ❖ सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस्।
- ❖ बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौँ।
- ❖ कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔँ।
- ❖ सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔँ।
- ❖ लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौँ।
- ❖ आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔँ।
- ❖ बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौँ।
- ❖ कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो।

- ❖ बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौँ।
- ❖ मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौँ।
- ❖ "सचेत नागरिक बनौँ, मानव बेचबिखन रोकौँ; सुरक्षित समाज निर्माणमा सबैको सहभागिता बढाऔँ।"

गौशाला नगरपालिका, महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक:
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014